# घोराही नगरपालिकाले आर्थिक बर्ष २०७०/७१ मा सम्पन्न गरेका कामहरुको सामाजिक परिक्षण

# प्रतिबेदन २०७१




**बिज्ञ समुह**

**सुदर्शन रिजाल उप प्राध्यापक महेन्द्र बहुमुखी क्याम्पस**

**सन्तोस सुबेदी उप प्राध्यापक गंगा क्याम्पस**

**दाङ्ग**

# घोराही नगरपालिकाले आर्थिक बर्ष २०७०/०७१ मा सम्पन्न गरेका कामहरुको

# सामाजिक परीक्षण प्रतिवेदन २०७१

## १ पृष्ठभूमि

स्थानीय निकाय आर्थिक प्रशाशन नियमावली २०६४ को नियम २०१( १) बमोजिम स्थानीय निकायहरुले एक आर्थिक बर्षमा समग्र सामाजिक जिम्मेबारी पुरा गरे नगरेको सम्वन्धमा लेखाजोखा गर्ने कार्यलाई व्यबस्थीत गर्न स्थानीय निकायको सामाजिक परिक्षण गर्न शुरु गरिएको छ ।

यसै सन्दर्भमा घोराही नगरपालिकाले आर्थिक बर्ष २०७०।७१ मा सम्पन्न भएका कार्यक्रमहरुको सामाजिक परिक्षणको जिम्मा हामी दुई सुदर्शन रिजाल र सन्तोस सुवेदीको विज्ञ समुहलाई दिए अनुसार यो सामाजिक परिक्षण सम्पन्न गरिएको छ । सामाजिक परिक्षणका क्रममा पाइएका कुराहरुलाई यहा प्रतिबेदनको रुपमा प्रश्तुत गरिएको छ ।

## २ सामाजिक परिक्षणको उदेश्य

स्थानीय निकायको सामाजिक जिम्मेबारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने उदेश्य अनुसार यस घोराही नगरपालिकाले आर्थिक बर्ष २०७०।७१ मा काम गर्दा सामाजिक जिम्मेबारी, त्यसलाई पालना गर्न गरेको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने ।

## ३ अध्ययनको विधी

आवधिक योजना

आर्थिक बर्ष २०७०।७१ मा सम्पन्न गरेका केही योजनाहरुको अनुगमन

विगतका नगरपरिषदले गरेका निर्णयहरु

लेखा परिक्षण प्रतिबेदन २०७०/७१ ।

नगरपालिका बोर्डले गरेका निर्णयहरु ।

नगर सूचना केन्द्रमा उपलव्ध सन्दर्भ सामग्रीको अध्ययन

लक्षित समुह अन्तर्बार्ता, स्थलगत निरिक्षण

अवलोकन र समुह छलफलबाट प्राप्त विबरण ।

सार्बजनिक सुनुवाईको प्रतिबेदन ।

## ४ अध्ययनका सीमा

सामाजिक परिक्षणको क्षेत्र घोराही नगरपालिकाले आर्थिक बर्ष २०७०।७१ मा गरेका कामहरुको उपलव्धी र प्रभावको लेखाजोखा ।

स्थानीय निकाय सामाजिक परिक्षण कार्यविधी २०६७ को मार्ग निदेशनमा रही २०७१ कार्तिक १ देखि कार्तिक २५ गतेको अवधीमा सम्पन्न गरिसक्नुपर्ने ।

## ५ बृहत छलफल कार्यक्रमको विबरण

- स्थान घोराही नगरपालिका ।
- मिति २०७१ कार्तिक २१ गते दिउसो १ बजे ।
- कार्यक्रम सञ्चालन घोराही नगरपालिकाका सूचना अधिकारी प्रेम के.सी.
- अध्यक्षता घोराही नगरपालिकाका कार्यकारी अधिकृत तुफान सिह के.सी.
- स्वागत घोराही नगरपालिकाका सूचना अधिकृत प्रेम के.सी.
- सामाजिक परिक्षणको उद्देश्य माथी प्रकाश विज्ञ समुहका सुदर्शन रिजाल घोराही नगरपालिकाले आर्थिक बर्ष २०७०।७१ मा गरेका कामको प्रगति प्रस्तुती विज्ञ समुहका सन्तोस सुबेदी
- समुह छलफल सञ्चालन सहजीकरण विज्ञ समुहका सन्तोस सुवेदी
- छलफलमा आएका सल्लाह सुझावहरुको टिपोट विज्ञ समुहका सुदर्शन रिजाल

### सामाजिक परिक्षणको उदेश्य

- घोराही नगरपालीकाले आव २०७०।७१ मा गरेका नीतिगत निर्णय तथा प्रकृयागत सुधारले पारेका प्रभावहरु वारे प्रष्ट पार्ने ।
- घोराही नगरपालिका भित्र संचालित विकास योजनाहरुमा जनसहभागिताको स्थिति पत्ता लगाउने ।
- नगरपालीकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नुपरेका समस्याहरु पत्ता लगाई तिनको समाधानका उपायहरु खोज्ने ।
- नगरपालीकाले पेश गरेको आर्थीक तथा कार्य संपादनको विबरण प्रतिको विश्वसनियता पत्ता लगाउने ।
- बालबालिका, महिला, दलित, जनजाति, गरिव, जेष्ठ नागरिक तथा पिछडिएको बर्गलाई मुलधारमा ल्याउन गरेका प्रयासहरुको प्रभावकारिता मूल्याङ्कन गर्ने ।
- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्यसम्पादनको स्तर लेखाजोखा गर्ने ।

- सामाजिक उत्तरदायित्व पुरा गर्न स्थानीय निकायको बर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन सूझावहरु प्रदान गर्ने ।

**सामाजिक परिक्षणको अवस्था प्रस्तुत विज्ञ समुहका सुदर्शन रिजाल (अनुसुची २ मा हेर्नुहोस ।)**

खुल्ला छलफलका लागि आचारसंहिता/एजेण्डाहरु प्रस्तुत विज्ञ समुहका सुदर्शन रिजालबाट

आचारसंहिता

- विषयबस्तुमा केन्द्रित भइ छलफल गर्ने ।
- तत्थ्याङक र सूचनाको आधारमा रही विचार राख्ने ।
- व्यक्तिगत आक्षेप नलगाउने तथा नीजी कुरामा टिकाटिप्पणी नगर्ने ।
- सहभागिले व्यक्त गरेका विचारको प्रतिबाद नगर्ने, प्राप्त सुझाव र प्रतिक्रियालाई सकारात्मक रुपमा लिने ।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र सिष्टाचारलाई कायम राख्ने ।
- सहभागीहरुलाई विचार राख्न प्रोत्साहन गर्ने ।
- सामाजिक परिक्षकले समय दिएपछि मात्र एक व्यक्ति एक पटक बोल्ने ।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रुपमा राख्ने अर्काको कुरा नकाट्ने ।

**खुल्ला छलफलका एजेण्डाहरु**

- घोराही नगरपालीकाले गरेका नीतिगत निर्णय तथा प्रकृयागत सुधारले पारेका प्रभावहरु ।
- नगरपालीकाले गरेका विकास योजनाहरुमा जनसहभागिताको स्थिति
- नगरपालीकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नुपरेका समस्याहरु
- घोराही नगरपालिकाले पेश गरेको विबरण प्रतिको विश्वसनियता
- बालबालिका, महिला, दलित, जनजाति, गरिव, जेष्ठ नागरिक तथा पिछडिएको बर्गलाई मुलधारमा ल्याउन गरेका प्रयासहरुको प्रभावकारिता
- स्थानीय निकायले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्यसम्पादनको स्तर
- सामाजिक उत्तरदायित्व पुरा गर्न स्थानीय निकायको बर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन सूझावहरु ।

**बृहत खुला छलफलबाट आएका समस्या तथा समाधानका लागि सुझावहरु**

**१ भुपेन्द्र सुवेदी उपभोक्ता घोराही नगरपालिका १०**

उपभोक्ता समितिबाट निर्माण कार्य गर्दा पेश्की भए सजिलो हुने थियो । पेश्की दिनै नमिल्ने भए कामको प्रगति अनुसारको भुक्तानी दिने व्यवस्था गरिनुपर्छ । घरको तल्लो तला निर्माण गर्दा बनाएको नक्सा पासले माथिल्लो तलालाई पनि काम दिने गराईनुपर्छ । नक्सा पासमा अहिले दुबिधा छ ।

**२ गोपाल खनाल, वडाबासी वडा नम्बर ४**

भुकम्प प्रतिरोध घर मात्रै बनाएर भएन, भुकम्प आएमा जम्मा हुनलाई समुदायमा खुला ठाउँ पनि बनाउनु पर्यो । सार्वजनिक जग्गा संरक्षणमा ध्यान दिनु पर्यो, अन्यथा सार्वजनिक स्थल नै भेटिने छैन ।

**३ चन्द्रराज पन्त, सचिव नागरिक समाज**

खेल मैदानको अबस्था अहिले कस्तो छ ? संरक्षण र निर्माणमा ध्यान दिनु पर्छ । ऐलानी, आवादी जुनसुकै जग्गा भए पनि संरक्षण गर्नुपर्छ ।

**४ केशव कुमार न्यौपाने, एमाले बोर्ड सदस्य :**

नगर क्षेत्र भित्रको सार्वजनिक, ऐलानी जग्गा संरक्षण गर्न तर्फ लाग्नु पर्छ । सुकुम्बासी र अब्यबस्थीतको नाममा बाँकी जग्गा पनि सकिदैछ । संरक्षणका लागी ध्यान दिनु पर्छ ।

**५ नारायण प्रसाद भुसाल, उपाध्यक्ष दाङ जिल्ला उद्योग वाणिज्य संघ :**

सडकको नयाँ ट्र्याक खोल्नु मात्रै उपलब्धी होइन । खोलीएका ट्र्याकको स्तर उन्नतीमा बढि ध्यान दिनुपर्यो । लागत सहभागितामा पिच गर्नु ठिक भएपनि बिग्रेको पिच मर्मत गर्दा पनि लागत सहभागिता खोज्नु ठिक भएन । सडक मर्मतका लागी वर्षै पिच्छे रकम उठाउन उपभोक्ताले सक्दैनन् ।

**६ सहभागीहरुका जिज्ञासाको जवाफ कार्यकारी अधिकृत तुफानसिह के.सी.**

- सेवाग्राहीबाट नगरपालिकाले प्रदान गरेका सेबाको स्तरका बारेमा जे जस्ता सुझाव आएका छन् यी सबै मनन योग्य छन् । नगरपालिकाले आगामी योजना निर्माणमा यी कुरालाई ध्यान दिएर अघि बढ्ने छ । म नगरबासी र सेवाप्रदायक दुबै भएकाले यस्मा विशेष ध्यान दिनेछु ।
- सडक मर्मतमा नगरबासीको लागत सहभागिता लिनु त्यति उपयुक्त नभएपनि यस्ले नगरबासीलाई पनि बढि जिम्मेबार बनाउने हुदा यसो गरिएको हो । ठुला योजनामा भरसक यसो गरिने छैन ।

- हरित नगरका लागि दिर्घकालिन योजना बनाएर अघि बढ्न खोजेका छौ । प्लाष्टिक नियन्त्रणका लागि नगरपालिकाको एक्लो प्रयास संभाव नभएकाले यस्मा सबैले सामुहिक जिम्मेबारी बहन गरी अघि बढ्नुपर्ने आवश्यकता छ । यस्मा उद्योग बाणिज्य संघको विशेष सहयोग आवश्यक छ ।

- घरनक्सा पासमा पव्लीकले मापदण्ड पुरा गर्ने र भुकम्प प्रतिरोधी घर निर्माण गर्ने प्रबृति बढेर गरेको छ । यो राम्रो पद्धतीलाई अझ बढावा दिन हामी सबै लाग्नु आवश्यक देखिएको छ ।

- नगरपालिकाले अटो व्यबसायीलाई एकै ठाउमा केन्द्रित गर्ने अभियान थालेको छ । यस्मा सबैको सहयोग भए यो नगरपालिकाले गरेको राम्रो काम बन्नेछ ।

- यस्तै सीसी क्यामरा जडान गरेर अपराध नियन्त्रणमा पनि नगरपालिकाले सजगता बढाएको छ । यस्को निरन्तरता चनौती भएको छ । सबै मिले गर्न सकिन्छ ।

- सामाजिक परिक्षण लगायत न्युनतम सर्त मापनमा उत्कृष्ट भएर पाउने बजेट यसबर्ष नआउनु अनी आउनसपर्ने बजेट पनि कटौती हुनुले नगरपालिकालाई गाह्रो परेको छ । यसप्रति यस क्षेत्रका अगुवा तथा सरोकारवालाले मन्त्रालयको ध्यान केन्द्रित गर्न जरुरी भएको छ ।

- नगरपालिकाले पेश्की दिएर काम गराउन सक्दैन बरु काम सम्पन्न भएको आधारमा बजेट निकासा दिन सक्छ । तर यसो गर्दा पनि उपभोक्ता आफैले सम्पन्न गरेपछि लैजाउला भन्ने गरेकाले त्यसो गरिएको छैन् । पेश्की दिन सक्ने अवस्था रहदैन । साथै लागत सहभागिता कटाउन घटाउन सक्ने अवस्था पनि छैन् ।

- सामाजिक परिक्षणबाट आएका सुझावहरु कार्यन्वयन गरी आगामी दिनमा सेवाको गुणस्तर बढाउन नगरपालिका प्रतिबद्ध छ ।

## अनुसुची २

## ६ बृहत छलफलमा प्रस्तुत सामाजिक परिक्षकको प्रारम्भिक प्रतिवेदन

### ६.१ स्थानीय निकायको परिचय

**नाम- घोराही नगरपालिका, दाङ । स्थापना २०३५ माघ १५ गते ।**

**जनसंख्या- ६२ हजार ९ सय २८ जनगणना २०६८. ।**

**हाल २०७१ असार सम्म ७०४८२ पुगेको अनुमान । बृद्धिदर ४.५ प्रतिशतलाई आधार मान्दा ।**

**क्षेत्रफल- ७४.४६ बर्ग.कि.मी. । जनघनत्व हालको ९४७ जना प्रति बर्ग कि.मी. २०७१ मा ।**

## ६.२. घोराही नगरपालिकाको आ.व.२०७०/०७१ को आय व्यय । नपाको प्रगति प्रतिवेदन अनुसार

- कुल बजेट ११ करोड ४४ लाख जम्मा बजेट मा जम्मा खर्च १० करोड ९४ लाख बजेटका हिसावले ९५.६३ प्रतिशत र भौतीक प्रगति ९८.५० प्रतिसत ।

## ६.३. गतवर्ष (आर्थिक बर्ष ०६९/०७० तथा ४. यसबर्ष ०७०।७१का मुख्यमुख्य उपलव्धीहरु. ।

| **खर्च क्षेत्र** | **आ.ब.०६९/०७० मा** | **आ.ब. ०७०।७१ मा** |
|---|---|---|
| सडक कालोपत्रे | ३.२२ कि.मी | २.७२७ कि.मी |
| सडक ग्राभेल | १७.५५ कि.मी | २१.०१ कि.मी. |
| धुले तथा कच्ची सडक | ५.३ कि.मी. | ४.४६ कि.मी |
| खानेपानी योजना | १२ बटा कुवा तथा अन्य | १७ गोटा |
| सिचाई तथा तटबन्ध | ४१ हेक्टरमा | ८१ हेक्टर |
| विद्यालय तथा सामुदायीक भवन | १ बटा | ८ वटा |
| बैकल्पीक उर्जा | ७५ बटा घर | ९२ घरधुरी |
| खुला दिशामुक्त क्षेत्र | २, ३ र ५ वडा | नगरपालीका |
| घरनक्सा पास | ४ सय ४५ सामान्य, संहिता अनुसार ३८ बटा | २७० वटा, ११५ संहिता अन'सार, १५५ पुराना |
| हरित नगरका लागि बृक्षारोपण | २२५ बिरुवा | ३.२ कि.मी. संरक्षण सहित |
| शडक मर्मत सम्भार | उपलब्ध नभएको | ७.२५ कि.मी |
| नदी नियन्त्रण | उपलब्ध नभएको | ५ वटा |
| सिसि क्यामरा जडान | | ७ वटा |
| ढल निकास | | ९२ मी. |
| गुनासो व्यवस्थापन | | ११ मध्य ९ वटा, एक प्रकृयामा |
| **कुल सम्पन्न योजना** | **८७ बटा** | **८७ वटा** |

## ६.४ आ.व २०७०।७१ का उल्लेख्य कार्यहरु

क) मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा दोस्रो नपाको रुपमा खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिएको ।

ख) लाभ, लागत र जोखिमको आधरमा अटो ब्यावसायीहरु संग सार्वजनिक साझेदारी गरी अटो टाउन निर्माण प्रकृया अगाडि बढाएको ।

ग) वडा नं. २ स्थित करिब १० विगाह जग्गालाई खेलकुद मैदानको रुपमा विकसित गर्नका लागि स्थापित गर्दै संरक्षण गएिको ।

घ) तेस्रो लिङगी, बालवालिका तथा अपांगमैत्री सार्वजनिक शौचालय निर्माण गरी संचालन गरीएको साथै उक्त शौचालयबाट नपालाई मासिक रु. ४ हजार ७ सय आम्दामी हुने गरेको ।

ङ) नगर क्षेत्रका खेलकुद प्रेमीहरुलाई उत्साहित गर्ने उद्देश्यले पिपिपिको अवधारणा बमोजिम करिव ७ हजार व.फि.को कभर्डहल निर्माण गरीएको । नगर स्तरिय क्रिकेट प्रतियोगिता सुरु,

च) बजारमा हुने सडक दुर्घटना लगायत अपराधिक घट्नालाई न्यूनिकरण गर्नका लागि शहरका प्रमुख स्थानहरुमा जि.प्र.का दाङको कन्ट्रोलमा रहने गरी सिसि क्यामेरा जडान गरिएको ।

छ) नेपाल सरकारको निर्णय बमोजिम यस नपालाई हरित नगरीको रुपमा विकास गर्न नपाबाट स्वीकृत रणनितिक कार्ययोजना अनुरुप ३.५ कि.मी. पक्की सडक र ७ कि.मी. कच्ची सडकमा बृक्षारोपन गरिएको ।

ज) प्रस्तावित नगरस्तरिय चक्रपथ निर्माण गर्न स्थानीय जग्गाधनीहरुसंग सहमतीका लागि तथ्याङ्क संकलन कार्य ७५ प्रतिशत सम्पन्न ।

झ) फोहरमैला व्यवस्थापन सेवाको स्तर वृद्धि गरि हाल भैरहेको व्ययलाई न्यूनीकरण गर्न प्रत्यक्ष लाभान्वित उपभोक्तालाई सहभागि गराउन विश्व बैंक संग पहल भैरहेको ।

## ६.५ .सामाजिक जिम्मेबारी र कार्यसम्पादनको लेखाजोखा ।

| सामाजिक जिम्मेबारीको क्षेत्र | गतवर्षकोअवस्था ०६९।७० को | ०७०।७१मा भएका प्रयास | उपलब्धी |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| एक घण्टा भित्र स्वास्थ्य संस्था पुग्न सक्ने घरपरिबार | जम्मा घर परिबार १५ हजार ५ सय मध्ये<br><br>१३ हजार घरपरिबार । | विगत २ बर्षमा घोनपा ६, ९, ५ र ७ नगर स्वास्थ्य क्लिनिक स्थापना | स्वास्थ्य क्लिनिक स्थापना पछि थप २ हजार परिबार १ घण्टा भित्रै स्थास्थ्य संस्थामा जान सक्ने अवस्था सृजना भएको । |
| ५ बर्ष मुनीका बालबालिका प्रतिशत | १५ प्रतिशत | शहरी क्लिनीक स्थापना गरी खोप लगायत उपचारमा सहयोग | घर नजीकै खोप तथा उपचारमा सहज पहुच बढेको । |
| खोपमा पहुच भएको जनसंख्या १ बर्ष मुनीको बालबालिकाको आधारमा | विसीजी/दादुरा ९८ प्रतिशत<br><br>डिपिटी हिप वि ८८ प्रतिशत | नगर क्लिनिक स्थापना गरी पहुच वढाउने प्रयास भएको | क्लीनिक स्थापनापछि खोपको पहुच बढेको |
| ४ पटक गर्भजाच गराएका महिलाको संख्या प्रतिशतमा | - | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको जम्मा गर्भबतिको ९० प्रतिशत |

| | | | |
|---|---|---|---|
| दक्ष प्रसुतिकर्मीबाट प्रसुति गराएका महिला संख्या | - | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको ५५ प्रतिशत |
| झाडापखालाबाट मृत्यु हुने संख्या | | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको १ जना स्वास्थ्य संस्थामा |
| स्वास्थ्य संस्थाबाट सेवा लिने घरपरिबार संख्या | विरामी पर्दा सबैजसोले लिने गरेको | स्वास्थ्य संस्था थपेर पहुच बृद्वि गरेको | थप २ हजार परिबारले नजीकै स्वास्थ्य सेवा पाएको |
| **शिक्षा** | | | |
| आधाघण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने बालबालिका संख्या | — | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको सवै आधा घण्टा भित्र विद्यालय पुग्ने |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | - | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको २५ प्रतिशत मात्र FGD २०६८ |
| प्राथमिक विद्यालयमा पहुच नभएका ५-९ उमेर समुहका बालबालिकाको संख्या प्रतिशतमा | **३२१ जना ६-१८ उमेर समुहका** FGD २०६८ | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको ६५ श्रमिक बालबालिकालाई विद्यालय जान प्रोत्साहनमुलक कार्यक्रम सञ्चालन |
| कक्षा १ मा खुद भर्नादर | ९८ प्रतिशत | अवस्था पत्ता लगाउने प्रयासको | अवस्था पत्ता लागेको |

| | | | |
|---|---|---|---|
| | DEO २०६८ | थालनी गरेको । | |
| प्राथमिक तहमा कक्षा छाड्ने, दोहोऱ्याउने र उत्तिर्ण हुने दर | **क्रमश ५, १० र ९० प्रतिशत** DEO २०६८ | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | **९८ प्रतिशत** DEO २०६८ | अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको । | अवस्था पत्ता लागेको |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या | **४० देखी ५० जना** DEO २०६८ | **अवस्था पत्ता लगाउने प्रयासको थालनी गरेको ।** | **अवस्था पत्ता लागेको** |
| स्थानीय निकायबाट निर्मीत विद्यालय कोठा संख्या | | **८ बटा स्कुल तथा सामुदायिक भवन सहयोग** | **विद्यालयको अवस्थामा सुधार भई गुणस्तरिय पठनपाठनमा टेवा पुगेको** |
| दलित बालबालिकाको शिक्षामा पहुच | | छात्रबृत्ति उपलव्ध गराएको | २२ जनाले छात्रबृत्तिमा पढ्न पाएको । |
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ खानेपानी पुगेको परिबार संख्या | ८० प्रतिशत | कुवा इनार खानेपानी सहयोग १७ बटा | थप परीवारले स्वच्छ पानी पाएको |
| सौचालय भएको परिबार संख्या | ९० प्रतिशत | खुला दिशा मुक्त नगर घोषणा | चर्पी प्रयोग गर्ने परिबार संख्या सत |

| | | | |
|---|---|---|---|
| | | | प्रतिशत |
| सुधारिएको चुलो भएको परिबार संख्या | ६०५ परीवारले प्रयोग गरेको<br><br>नवीकरणीय उर्जा कार्यक्रम | संघसंस्थाको समन्वयमा काम भईहेको । | दाउरा खपतमा कमी आएको गृहणीहरुको स्वस्थ्यमा सुधार भएको |
| **बालबालिमा महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल विबाह संख्या | ९९ जना FGD. २०६८ | बालमैत्री कार्यक्रम अन्तगृत सचेतनामुलक काम भईरहेको | बाल विवाह विरुद्ध सचेतना बढेको । |
| सामाजिक विकृति विसंगति | - | सचेतनामुलक कार्यक्रम | घट्दै गएको |
| सामाजिक सुरक्षा( जेष्ठ नागरिक, एकल महिला, अपाङ, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाती) | जेष्ठ नागरिक ८७२ जना, एकल महिला ३९८ जना, दलित जेष्ठ नागरिक ४५७, पूर्ण असक्त ५१, आंशिक अपाङ ५१ जना, लोपोन्मुख ५ जना | जेष्ठ नागरिक जना ९४, एकल महिला ९९ जना, दलित जेष्ठ नागरिक ४३, पूर्ण असक्त १५, आंशिक अपाङ १४ जना, लोपोन्मुख ०, दलित बालबालिका २३८ जना | सामाजिक सुरक्षा पाउनेहरुको संख्यामा बृद्दि भइरहेको । |

| | | | |
|---|---|---|---|
| **जनचेतना तथा गरिवी निबारण** | | | |
| बाल श्रमको अवस्था | ७ सय ८८ जना बालश्रमिक रहेको | ६५ जना बालश्रमिक परिवारमा पुर्नस्थापना गरेको | लगानी योजना बनेको । |
| बालक्लवहरुको अवस्था | १५८ बटा | क्षमता विकासका कार्यक्रमहरु शुरु | १ सय ५० बालबालिकाको नेतृत्व तथा क्षमता विकास भएको । |
| महिला हिंशा | सख्या एकिन गर्न गाह्रो | सचेतनामुलक कार्यक्रमहरु | महिला हिशाका घटना घटेको जागरण बढेको |
| रोजगारीको अवस्था | - | स्वरोजगारका अवस्था सृजनाका लागि तालिमहरु | अदक्षहरुको क्षमता विकास भई रोजगारीका अवसर बढेको । |
| स्वरोजगारका प्रयासहरु | | दलित जनजाती २३ जना महिलालाई शिपमुलक तालिम सिलाई कटाई सञ्चालन | विपन्न तथा जनजाती समुदायको क्षमता विकास भएको । |
| गरिवि निबारणका प्रयासहरु | | आयआर्जनमा सहयोग गर्न सुलभ व्याजमा सहुलियत कर्जा | ३९ टोविसका सदस्यहरु लाभान्वित भएको |
| सामाजिक परिचालन | | टोल विकास संस्थाहरु गठन | १० वटा टोल विकास संस्था गठन भएका । |

| | | | |
|---|---|---|---|
| | | वडा ना.मंच ५, नागरिक स.के, ५ | |
| बातावरण सुधारका प्रयासहरु | | हरित नगर अभियान अन्तर्गत १०.२ की.मी हेक्टरमा वृक्षारोपन तथा तटबन्ध | बताबरण संरक्षणमा टेबा पुगेको |
| एच.आइ.भि.एड्स | संक्रमित संख्या ५ जना<br>FGD २०६८ | सचेतनामुलक कार्यक्रम सञ्चालन | - |
| विकासमा समान सहभागिता | - | उपभोक्ता समितिमा महिला /जनजाती सहभागितालाई प्रोत्साहन गरिएको | सबैजसो क्षेत्रमा समानुपातिक सहभागिताको अवधारणा विकास हुदै गएको । |
| **सेवाहरुमा पहुच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | स्थान अनुसार ५ मीनेट देखि डेढ घण्टा सम्म लाग्ने गरेको । | बजार विस्तारलाई बढावा दिने गरिएको । | बजारमा स्थानीय बासीन्दाको पहुच बढ्नेक्रम जारी रहेको |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | स्थान अनुसार ५ मीनेट देखि साढे १ घण्टा सम्म लाग्ने गरेको । | - | - |
| भौगालिक क्षेत्र, महिला, पिछडिएका तथा सिमान्त बर्गको संख्या, निजहरुले पाएको सेवा तथा दिइएका विशेष | | पिछडिएको भौगोलिक क्षेत्रका बासीन्दालाई सौर्य उर्जाका लागि सोलार वितरण तालिममा प्राथमिकता | परिबारको उज्यालोमा पहुच बढेको । तालिमहरुमा अवसर पाउनेमा दलित |

| | | | |
|---|---|---|---|
| अवसरहरु | | | जनजाती तथा पिछडिएका धेरै । |
| **संस्थागत क्षमता** | | | |
| जनसक्ति | ७९ जना ज्यालादारी समेत<br><br>खास संख्या ६२ | क्षमता विकास तालिम | काममा छिटो छरितो पना आएको । |
| निति तथा कार्यक्रम | प्रविधीले सम्पन्न बनाउदै लैजाने<br><br>कम्प्युटराइज्ड प्रणालीको विकास | वेभसाइड निर्माण तथा अध्यावधिक गर्ने काम भइरहेको । | सूचना प्रवाहमा सहजता । |
| भौतिक व्यबस्था | - | भौतिक श्रोतहरु थप्ने काम भएको । | छिटो छरितो सेवा प्राप्ती तथा सुविधा उपयोगमा बृद्वि |
| समन्वय र सहकार्यका प्रयासहरु | | गैसस तथा विषयगत कार्यालयहरुसंग सहकार्य भइरहेको । | सहकार्यबाट पनि नगरबासीले पाउने सेवामा सहजता भएको । |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरु | | समन्वय । | |

**६.६ गतवर्ष भोगेका समस्याहरु(बुदागत रुपमा)**

- स्थानीय स्वायत्त शासन ऐननियम बमोजिम तोकिएको कर तथा दस्तुरका दरहरु समयानुकुल परिमार्जन नहुदा आय बृद्धिमा कठिनाई भएको ।

- राजश्व बाडफाड नियमानुसार समयमा नआएको कारण योजना संचालन  प्रकृयामा कठिनाई भएको ।
- सार्वजनिक विदाको दिन फोहोर व्यबस्थापन लगायत अन्य क्षेत्रमा काम गर्ने कर्मचारीहरुलाई दिंदैआएको पारीश्रमिक रकम उपलब्ध गराउन नसकिएको ।
- नगरपालिकाको श्रोत र जनअपेक्षा बीच तालमेल नहुदा गुनासो बृद्धि भएको ।
- सार्वजनिक जग्गा अतिक्रमणले गर्दा व्यवस्थित सहरीकरण कार्यमा कठिनाई भएको ।

## ६.७ सुधारका लागि चाल्नुपर्ने कदमहरु तथा सुझाव (बुदागत रुपमा)

- नगरबासीलाई मार नपर्नेगरी आन्तरिक श्रोतको दायरा बृद्धितर्फ जोड दिनुपर्ने ।
- कामहरु गर्दा मन्त्रालयले दिने निर्देशन, नगरपरिषलले लिएका अल्पकालिन र दिर्घकालिन नीति तथा मार्गनिर्देशनलाई अवलम्वन गर्दै योजनाबद्ध विकासमा जोड दिनुपर्ने ।
- नगरपालिकाभित्रको प्राकृतिक श्रोतको उपयोग नगरपालिकाले गर्न पाउने गरी स्पष्ट नितिगत व्यबस्था हुनुपर्ने देखिन्छ ।
- नगरपालिकाले अघि सारेको रिङ्गरोड तथा मासुवधसाला निर्माण जस्ता योजनामा रहेका अलमल हटाउन गंभिर भएर लाग्नुपर्ने ।
- विकास आयोजनामा जनसहभागिता बृद्धिका लागी उपभोत्ताहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु अघि बढाउनुपर्ने ।
- यस अघिका नगरपरिषदबाट पारित गरिएका कार्यक्रमहरु मध्ये सवारी दुर्घटना न्युनिकरणका लागि फुटपाथ निर्माण, औद्योगिक क्षेत्र स्थापनाका लागि स्थान छनौट, विद्युतिय शुसासनलाई प्रभावकारी बनाउन कार्ययोजना तर्जुमा, नगरक्षेत्रका बास्तविक सुकुम्वासीको पहिचान गरी उनीहरुका लागि विशेष कार्यक्रम ल्याउने जस्ता कार्यक्रमहरु शुरु हुन नसकेको तथा आंशिक मात्र शुरु भएकाले पारित गरिएका कार्यक्रमलाई प्राथमिकतामा राखेर श्रोत जुटाउनुपर्ने देखिन्छ ।

- नगरपालिकाका हरेक शाखाबाट सम्पादन भइरहेका कामलाई नगरपालिकाको वेभसाईडमा राख्नुपर्ने तथा नागरिकले तत्काल पाउन सक्नेगरी सूचना शाखालाई व्यबस्थीत गर्नुपर्ने देखिन्छ ।

- नगरपालिकाबाट प्रदान गरिने सेवामा प्रभावकारिता ल्याउन साना साना काममा पनि तोक लगाएर मात्र काम शुरु गर्ने परिपाटीको अन्त्य गरि सम्वन्धित शाखाबाट सहजै हुनेगरी व्यबस्था मिलाउनुपर्ने देखिन्छ ।

- यस्तै नगरपालिकको कुनै शाखा प्रमुख वा कर्मचारी नआएको अवस्थामा पनि अर्को कर्मचारीबाट सेवाग्राहीले सेवा पाउने प्रवन्ध गर्ने व्यबस्था नगरपालिकाले मिलाउनुपर्ने देखिन्छ ।

- यसैगरी नगरपालिकाले आफुले गरेका काम तथा सेवालाई प्रभावकारी बनाउन सामाजिक परिक्षण, सार्वजनिक परिक्षण, न्युनतम सर्त मापन संग सम्वन्धित सूचनाहरु अध्यावधिक गर्नुपर्ने तथा बालबालिका, महिला तथा दलित जनजाती प्रोफाइल तयार गरी काम गर्नुपर्ने देखिन्छ । जस्को सुरुवात गरिएको नगरपालिकाले जनाएको छ ।

- यस्तै सामाजिक परिक्षण कार्यविधी अनुसार सामाजिक परिक्षकलाई सहयोग गर्न सामाजिक परिक्षण समन्वय समिति गठन गर्नुपर्ने देखिन्छ ।

**सामाजिक परिक्षक/विज्ञ समुहको नाम**

**सुदर्शन रिजाल, उप प्राध्यापक महेन्द्र वहुमुखी क्याम्पस**

**सन्तोस सुवेदी, उप प्राध्यापक गंगा क्याम्पस रामपुर**

**मिति २०७०/.७./२१. गते ।**

## ७ सामाजिक परिक्षणबाट देखिएका सवल पक्षहरु ।

क. नगरपालिकाले स्थानीय स्वायत्तसाशन ऐन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीको परिधीमा रहेर काम गरेको पाइएको ।

ख. नगरपालिकाका काममा जनसहभागिता राम्रो पाइएको । तथापी अझ बढाउन आवश्यक छ ।

ग. उपभोक्ताहरुले पेश्की विना पनि काम गर्ने गरेकाले बेरुजु रकम सुन्यमा झरेको पाइएको ।

घ. नगरपालीकाका बित्तिय विवरणहरु तोकिएको ढाचामा तयार गरिएको लेखा परिक्षण प्रतिवेदनबाट देखिएको ।

ङ. सामाजिक परिक्षण बृहत छलफलमा नगरबासीको उल्लेख्य तथा उत्साहजनक सहभागिता रहेको ।

च. सामाजिक परिक्षण कार्यक्रममा नगरबासीबाट आएका अपेक्षालाई सकेसम्म सम्वोधन गर्ने कार्यकारी अधिकृतको प्रतिबद्वता आउनु ।

छ. नगरपालिकाले गरेका कामको बार्षिक रुपमा आम सञ्चारका माध्यमबाट सार्वजनिक हुनेगरेको ।

## ८ सामाजिक परिक्षणबाट देखिएका चुनौती तथा कमीकमजोरीहरु ।

क लागत सहभागिताका लागि सबै उपभोक्ताबाट रकम उठाउन चुनौती रहेको ।

ख. लागत सहभागिताका लागि उठाउनु पर्ने रकम ग्रामिण क्षेत्रका गरिब नागरिकले उठाउन नसक्नु ।

ग. नगरपालिकाको आन्तरिक श्रोतको रकमले कर्मचारीलाई तलवमै सकिने अवस्था रहेकाले आन्तरिक श्रोत बृद्धि गर्न चुनौती रहेको ।

घ. नगरपालिकामा सम्वन्धित फाटमा मुख्य कर्मचारी नभएपनि बैकल्पिक कर्मचारीबाट काम हुने व्यबस्था मिलाउनुपर्ने चुनौती रहेको ।

ङ.फोहोर व्यबस्थापन लगायतका नगरपालिकाले सञ्चालन गर्ने अन्य काममा काममा नगरबासीको सहभागिता बृद्धि गर्नु चुनौतीपूर्ण रहेको ।

च. जनसख्याको आधारमा योजना छनौटमा चुनौती ।

## ९ सामाजिक जिम्मबोरी पुरा गर्न घोराही नगरपालिकाले चाल्नुपर्ने कदम वा सुझावहरु ।

क नगरपालिकाले गरेका कामको अभिलेखिकरण तुरुन्त पाउन सक्नेगरी वेभसाईटमा सार्बजनिक गर्नुपर्ने तथा नगर सूचना सूचना शाखामा अभिलेखिकरण गरेको हुनुपर्ने ।

ख.नगरपालिकाको आन्तरिक श्रोत बृद्धिका लागि करका दायराहरु फराकिलो बनाउनुपर्ने तथा नगरपालिकाको स्वामित्वमा रहि उपयोगमा आउन नसकेको भौतिक पूर्वाधारलाई प्रयोगमा ल्याउन कदम चाल्नुपर्ने देखिन्छ ।

ग.उपभोक्तबाट निर्माण गर्नुपर्ने योजनाका लागि उपभोक्ताको क्षेमतामा बृद्धि गर्नुपर्ने देखिन्छ ।

घ. नगरपालिकामा सम्वन्धित फाटमा मुख्य कर्मचारी नभएपनि बैकल्पिक कर्मचारीबाट काम हुने व्यबस्था मिलाउनुपर्ने ।

ङ.फोहोर व्यबस्थापन लगायतका नगरपालिकाले सञ्चालन गर्ने अन्य काममा काममा नगरबासीको सहभागिता बृद्वि गर्न सचेतनामुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

च. लागत सहभागितामा बृद्वि गर्न विपन्न समुदाय तथा ग्रामिण क्षेत्रका बासीन्दालाई म्याचिङ फण्ड वा अन्य कुनै विकल्प सोच्नुपर्ने देखिन्छ ।

**सामाजिक परिक्षकको नाम**

| | |
|---|---|
| **१ सुदर्शन रिजाल** | **२ सन्तोष सुवेदी** |
| **दस्तखत** | **दस्तखत** |
| **मिति** | **मिति** |

# सामाजिक परिक्षण २०७१ का तस्विरहरु










## सन्दर्भ श्रोत

- घोराही नगरपालिकको आवधिक योजना
- आर्थिक बर्ष २०७०।७१ मा सम्पन्न गरेका केही योजनाहरुको अनुगमन
- नपाले प्रदान गरेको सेवाको प्रभावकारिता जाच्न उपभोक्ताबाट संक्षिप्त एक्जीट पोल
- विगतका नगरपरिषदले गरेका निर्णयहरु
- लेखा परिक्षण प्रतिबेदन २०७०/७१ ।
- नगरपालिका बोर्डले गरेका निर्णयहरु ।
- नगर सूचना केन्द्रमा उपलव्ध सन्दर्भ सामग्रीको अध्ययन
- लक्षित समुह अन्तर्बार्ता, स्थलगत निरिक्षण
- अवलोकन र समुह छलफलबाट प्राप्त विबरण ।
- सार्बजनिक सुनुवाईको प्रतिबेदन ।